"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
# DHARAN SUB-METROPOLITAN CITY
धरान, सुनसरी, नेपाल
Dharan, Sunsari, Nepal
नगर प्रमुखको सचिवालय

नगर प्रमुखको सम्पर्क नं.
फोन : ०२५-५२०१०९
मो. नं. : ९८५२०४५६००

पत्र संख्या :-

मिति: २०७८/११/१८

## ज्यालो र ग्याल्पो ल्होसार (शुभकामना)

धरान उपमहानगरपालिका विभिन्न जातजाती, भाषाभाषी, धर्मावलम्वीहरुको बसोबास रहेको सुन्दर नगरी हो । धरानमा बसोबास गर्ने बहुल जाती, बहुल धर्मावलम्वीहरुको आ-आफ्नो संस्कार, संस्कृति र मौलिक पर्वहरु छन् । यही सन्दर्भमा धरानमा पनि बसोबास रहेको **शिङ्साबा समुदाय**को **महान चाड २१४९ छ्यु-फो-ताक लो (जल-पुरुष - बाघ वर्ष) ज्यालो ल्होसार** र **शेर्पा समुदाय**को **ग्याल्पो ल्होसार**को **(फागुन १९ गते मनाईने)** अवसरमा देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नगरबासी दिदीबहिनी तथा दाजुभाईहरुमा सुस्वास्थ्य, दिर्घायु तथा उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक विविधायूक्त नेपाली समाजमा यस्तो पर्वले आपसी मित्रता, सद्भाव, सदासयता र एकताको प्रतिकको रुपमा छन् । हाम्रो यो विविधता नेपालको लागि मात्र नभएर विश्व समुदायमा पनि महत्वपूर्ण मानिन्छ । **ज्यालो र ग्याल्पो ल्होसार** पर्वले छुट्टै मौलिकता, परम्परा र सांस्कृतिक महत्व बोकेको छ । यो पर्वले आफ्नो धर्म, संस्कृति, रितिरिवाज र परम्पराको संरक्षणमा लाग्न सबैलाई प्रेरित गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्तमा: **ज्यालो र ग्याल्पो ल्होसार** पर्वले नेपालको सबै जातजाती एकताबद्ध भई आपसी सद्भाव तथा भातृत्व अभिवृद्धि गरी स्वच्छ, सुखी र समुन्नत नगर निर्माणको दिशामा अगाडी बढ्न आग्रह गर्दछु ।

०७८।११।१२

तिलक राई
नगर प्रमुख
धरान उपमहानगरपालिका

तिलक राई
नगर प्रमुख